आज मिति २०८२ साल फागुन २८ गते बिहीबारका दिन दिउसो २:०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको ४६ औं बैठक बस्यो।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | अनुपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्णहरी आर्चाय | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बाल कृष्णपाते श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञानदाश प्रजापति | अनुपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानुकाजी राजबहाक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | अनुपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | अनुपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | अनुपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थित |
| २० | सचिव | श्री भोज राज घिमिरे | उपस्थित |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थित |
| ३ | महाशाखा प्रमुख | श्री तुलशी भक्त तको | उपस्थित |
| ४ | ब.ई | श्री कृष्ण गोपाल श्रेष्ठ | उपस्थित |
| ५ | ब.ले.अ | श्री सुमित्रा पौडेल | उपस्थित |
| ६ | अ.छैठौ | श्री सुब्रिन कुमार चिमौरिया | उपस्थित |

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

छलफलका विषयहरु:

१. बागमती प्रदेश सरकारको समपुरक र विशेष अनुदान बाट सम्पन्न गरिने योजना छनौट सम्बन्धमा ।
२. २.नं वडा कार्यालय भवनको भेरियशन आदेश स्वीकृत सम्बन्धमा ।
३. नगर स्थापना दिवस मनाउने सम्बन्धमा।
४. कृषि बिकाश समस्याग्रस्त सहकारीको बचत रकम फिर्ता सम्बन्धमा ।
५. स्थानीय पाठ्यक्रम स्वीकृत सम्वन्धमा ।
६. प्र.अ को मासिक भत्ता सम्वन्धमा ।
७. विविध ।

निर्णय नं १. बागमती प्रदेश सरकारको समपुरक र विशेष अनुदान बाट सम्पन्न गरिने योजना छनौट /माग सम्बन्धमा ।

आ.व. २०८३/८४ को लागि समपुरक तथा विशेष अनुदान तर्फ सञ्चालन हुने देहाय बमोजिमका आयोजनाहरु स्वीकृत गरी बागमती प्रदेश सरकारबाट माग गर्ने निर्णय गरियो ।

(क) समपुरक अनुदान तर्फका आयोजना

१. धुन्चोपाखा चोक देखि हरहर महादेब जाने पुल सम्मको बाटो रु. ३ करोड
२. वडा नं ६ स्थित सिद्धिकाली र २ नं को सिमानाको बाटो स्तरउन्नती रु ३ करोड
३. सिन्टिटार क्षेत्र सडक कालोपत्र रु. ३ करोड

(ख) विशेष अनुदान तर्फका आयोजना

१. बालसेवा आधारभुत विद्यालय भवन निर्माण रु .१ करोड
२. लोहकिल्थली पहिरो नियन्त्रण रु.१ करोड
३. धुन्चोपाखा पहिरो नियन्त्रण रु. १ करोड

निर्णय नं. २ यस नगरपालिका २. नं वडा कार्यालय भवनको भेरियसन आदेश स्वीकृत सम्बन्धमा ।

यस नगरपालिका २. नं वडाको निर्माणाधीन वडा कार्यालय भवनको भेरिएसन सम्बन्धमा छलफल हुदा उक्त भवनको डिजाईन बमोजिमको निर्माण कार्य गर्न डन्डी तथा अन्य आइटम नपुग भनि निर्माण व्यबसायी श्री सुर्य कमल - सिद्धि वहान जे.भी ले भेरियसन माग गरेको सन्दर्भमा डिजाइनमा भएको आइटमहरु BoQ तथा लागत अनुमानमा नपुग हुन गएको भनि राय सहितको प्रतिबेदन पेश गर्ने सो भवनको डि.पि.आर तयार गर्ने श्री Arena Architiects And developer pvt . ltd , Bhaktapur को प्रतिबेदन , सो भेरियसन गर्नु पर्ने अध्ययन गरी राय सहित पेश गर्न गठित नगरपालिकाको योजना अनुगमन तथा मर्मत सम्भार शाखा प्रमुख सहितको प्राबिधिक प्रतिबेदन समेतको आधारमा भेरियसन गर्ने पर्ने आइटमको Rate Negotation सहित कायम हुने जम्मा रु. १,०८,२९,९०६।८५ भेरियसन सार्वजनिक खरिद नियमावली बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय नं ३. नगर स्थापना दिवस मनाउने सम्बन्धमा :

यस नगरपालिकाको ३० औं नगर स्थापना दिवस मिति २०८२।१२।१४ गते विविध कार्यक्रम सहित मनाउने सन्दर्भमा देहाय बमोजिमको तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

संयोजक :-श्री कृष्णहरी आर्चाय वडा अध्यक्ष,वडा नं.३

सदस्यः- श्री ज्ञानेन्द्र प्रसाद भट्ट सामाजिक विकाश महाशाखा प्रमुख म.थि.न.पा

सदस्य-सचिबः- श्री तुलशी भक्त तको,आर्थिक बिकाश महाशाखा प्रमुख म.थि.न.पा

निर्णय नं ४. कृषि बिकाश समस्याग्रस्त सहकारीको बचत रकम फिर्ता सम्बन्धमा ।

मध्यपुर थिमि नगरपालिकाको "समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२" बमोजिम सहकारीको बचत रकम फिर्ता गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट पेश भए अनुसार वचत कर्ताको रकम दामासाहीले वितरण गर्ने निर्णय गरियो।

निर्णय नं ५. स्थानीय पाठ्यक्रम स्वीकृत सम्वन्धमा ।
स्थानीय पाठ्यक्रम अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं ६ . प्रधानाध्यापक भत्ता सम्बन्धमा :

यस नगरपालिका स्तरीय शिक्षा समितिको मिति २०८२ साल मंसिर ७ गतेको शिक्षा समितिको बैठकको निर्णयानुसार मध्यपुर थिमि नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुका प्र.अ.को लागि संघीय सरकारबाट प्राप्त प्र.अ. भत्ताका अलावा यस नगरपालिकाको आन्तरिक स्रोतबाट प्रा.वि तहको प्र.अ.को लागि मासिक रु. १,२०० ( अक्षेरुपी एक हजार दुई सय रुपैंया मात्र ), निमावि तहको प्र.अ.को लागि मासिक रु. १,५०० (अक्षेरुपी एक हजार पाच सय रुपैंया मात्र) र मावि तहको प्र.अ.को लागि मासिक रु. २,००० (अक्षेरुपी दुई हजार रुपैंया मात्र) मिति २०८२ श्रावण १ देखि थप गरी उपलब्ध गराउन सिफारिस गरिएको हुदाँ सिफारिस भए बमोजिम निर्णय अनुमोदन गर्ने र विद्यालयको आन्तरिक स्रोतबाट उक्त भत्ता लिएको भए नपुग रकम मात्र उपलब्ध गराउने निर्णय गरियो। ।

निर्णय नं ७ . रकमान्तर सम्बन्धमा :

(१) सङ्घीय सरकारबाट प्राप्त समपुरक योजनामा ५०/५० प्रतिशत खर्च गर्नुपर्नेमा सङ्घीय श्रोतबाट वढी खर्च भएकोले म.ले.पको प्रारम्भिक प्रतिवेदनमा सङ्घीय कोषमा फिर्ता गर्नुपर्ने भनि उल्लेख गरेकोले चालु आ.बको भैपरी पुंजिगत शीर्षकबाट रु. २०,००,०००।- ( विस लाख मात्र ) रकमान्तर गरी अन्य फिर्ता शीर्षकमा थप गर्ने निर्णय गरियो ।

(२) चालु आ.बमा मेशिनरी तथा औजार शिर्षकमा रु. २८,००,०००। (अट्ठाईस लाख मात्र) बिनियोजन भएकोमा नपुग हुने भएकोले रु. १५,००,०००। (पन्ध्र लाख मात्र ) भैपरी शीर्षकबाट रकमान्तर गरी थप गर्ने निर्णय गरियो ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

निर्णय नं ८ . आय व्यय विवरण सम्बन्धमा :

चालु आ.बको माघ मसान्त सम्मको आय व्ययको विवरण उपर छलफल गरियो ।

निर्णय नं ९ . आर्थिक सहयोग सम्बन्धमा ।

महिलाको समानुपातिक समावेशिता परिवर्तित र न्यायपुर्ण समाजको सुनिञ्चिता भन्ने नारा सहित ३२ औं राष्ट्रिय सम्मेलन २०८२ चैत्र ६ र ७ गते भक्तपुर जिल्ला बार एशोसिएसन द्वारा आयोजित उक्त सम्मेलनको लागि रु १,००,०००।( एक लाख मात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १० . परम्परगत आबसीय क्षेत्रमा बाटो तर्फ मापदण्ड बिपरित संरचना सम्बन्धमा।

यस नगरपालिकाको परम्परगत आबसीय क्षेत्रमा बाटोतर्फ मापदण्ड बिपरित Cantilever तानी निर्माण भएको संरचनाको हकमा संसोधित नक्सामा hatch गरी नियमित/ निर्माण सम्पन्न अभिलेखिकरण प्रमाणपत्र दिने निर्णय गरियो ।

निर्णय नं ११. सेटव्याक सम्वन्धमा ।

यस नगरपालिका साविक वडा नं १७ हाल वडा नं २ को सिट नं १०२-११९०-१७ कि.नं २२ मालपोत भक्तपुरमा दर्ता प्रमाणित भई जग्गाधनी चन्द्रमाया श्रेष्ठको नाममा कायम भएको जग्गामा निर्माण भएको घर नियमित अभिलेखीकरण गर्न आउदा पुर्व तर्फ रहेको ऐ.ऐ सिटको कि.नं ४७४ नेपाल सरकार बाटो भनी उल्लेख भएको र उक्त बाटो चन्द्रमाया श्रेष्ठको तर्फबाट कि.का नभई पूर्व तर्फ रहेको कित्ताबाट कि,का भई आएको हुदा सो बाटोको मापदण्ड setback कि.नं २२ को हकमा नलगाउने निर्णय गरीयो । उप्रान्त यस्तै प्रकृतिका घर नक्शा नियमित/अभिलेखीकरण हुन आएमा सोहि बमोजिम प्रक्रिया अगाडी बढाउने निर्णय समेत गरियो ।

निर्णय नं १२. धिमेबाजा प्रतियोगिता सम्बन्धमा।

ऐतिहासिक एवम परम्परादेखि संचालनमा रहेको धिमेबाजा लाई संरक्षण र सम्वर्धन गर्न यस नगरपालिकाको आयोजना तथा श्री राजगणेश धिमे खलः को सहकार्यमा २०८२/१२/२८ गते वडा नं -४ स्थित इनालाछी , दुईपोखरी (निगुपुखू) मा खुल्ला धिमे बाजा प्रतियोगिता - २०८२ संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं १३. वडा नं -४ स्थित UCEP को भवन सम्बन्धमा ।

यस नगरपालिकाले वडा नं-४ स्थित UCEP नेपालले निर्माण गरी प्रयोग गरिरहेको ~~को~~ भवन यस नगरपालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा कार्यन्वयन नगरपालिका घोषणा गर्ने कार्यक्रम अन्तर्गत विधालय बाहिर रहेका बालबालिका हरुलाई वैकल्पिक शिक्षा प्रदान गर्न तथा अन्य सीपमुलक कार्यक्रम सञ्चालन गर्न प्रयोग गर्ने गरी नगरपालिका मातहतमा लिन उक्त भवन UCEP नेपाल लाई अनुरोध गर्ने निर्णय गरियो ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

निर्णय नं .१४

गन्तव्य मध्यपुर कार्यक्रम २०८२ साल चैत्र २८ गते शंखधर चोकबाट दुईपोखरी सम्म आयोजना गर्ने निर्णय गरियो ।

भोज राज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३